## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

## लेना सुन्ध
## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि

## दलित सेवा सङ्घमा गरिने सम्बोधन
## २०६३ पौष २१

विशिष्ट अतिथि, दलित सेवा सङ्घका सदस्य तथा मित्रहरू,

मलाई आज यहाँ प्रमुख अतिथिको रूपमा तपाईंहरूबीच आउन निमन्त्रणा दिनु भएकोमा म दलित कल्याण सङ्घलाई धन्यवाद दिन चाहन्छु तथा संविधान सभाको सन्दर्भमा दलित समुदायको प्रतिनिधित्वको मुद्दामा छलफल गर्न र यसमा जोड दिन दलित, मानवअधिकार रक्षकहरू र राजनीतिक पात्रहरूलाई भेला गर्न गरेको यो पहलका लागि तपाईंहरूलाई बधाई दिन चाहन्छु ।

संविधान सभाको निर्वाचनका लागि चालु प्रक्रिया, र अझ सबै नेपाली जनताको अधिकार, आवश्यकता तथा आकाङ्क्षालाई सुनिश्चित गर्ने नेपालको नयाँ संविधान निर्माण गर्न यो सभाको कार्य अत्यन्तै महत्वपूर्ण छ । विशिष्ट समूह वा मुद्दाहरूको मात्र नभएर नेपाली समाजका सबै क्षेत्रको तर्फबाट काम गर्नु संविधान सभाका सबै सदस्य तथा तिनले प्रतिनिधित्व गर्ने कुनै पनि राजनीतिक दलको दायित्व हुनेछ । साथै, नेपालको विविधतालाई प्रतिनिधित्व गर्ने किसिमले संविधान सभाको गठन हुनु अत्यावश्यक छ ।

प्रतिनिधित्वको मुद्दा नेपालमा दलितहरूविरुद्ध शताब्दीयौंदेखिका भेदभावको अन्त्य गर्ने प्रयासहरूको केन्द्रमा छ । चरम गरिबी, जहाँ अधिकांश दलितहरू बाँचेका छन्, को अन्त्य गर्न यो भेदभावको उन्मूलन गर्नु अत्यावश्यक छ । राष्ट्रिय वा स्थानीयस्तरमा जहाँ होस् दलित पृष्ठभूमिको कुनै पनि व्यक्ति राजकीय संस्थाहरू वा सरकारको निर्णय गर्ने पदमा मुश्किलले पुगेको होला । मलाई थाहा भएसम्म नेपालमा अहिलेसम्म एकजना मात्र दलित प्रतिनिधिसभाको सदस्य भएका छन् । अर्को कुरा, राजनीतिक दलहरूमा धेरै कम वरिष्ठ दलित सदस्यहरू छन् र दलित न्यायाधीशहरू छैनन् । तैपनि, दलित पृष्ठभूमिका व्यक्तिहरू नेपालको जनसङ्ख्याको कम्तीमा १३ प्रतिशत छन् र केहीले यो जनसङ्ख्याको २०-२५ प्रतिशत सम्म छ भनेको मलाई थाहा छ ।

राजकीय निकायहरूमा भएको प्रतिनिधित्वको यो अभाव भेदभावको लक्षण र कारण दुवै हो । यसले गर्दा दलितहरूको राज्यबाट सुनियोजित बहिष्करण भएको छ जुन आफैंमा यो भेदभावको समाधान विकास गर्नमा प्रमुख बाधक हो । नेपालमा दलितहरू भेदभावको अन्त्य गर्ने समाधानको अङ्ग हुनुपर्दछ, र यो भूमिका निर्वाह गर्न उनीहरूलाई पर्याप्त रूपले राज्यका अङ्गहरूमा प्रतिनिधित्व गराइनुपर्दछ । सो प्रयोजनका लागि, निर्वाचनमा प्रमुख भूमिका खेल्ने राजनीतिक दलहरूले आफ्ना उम्मेदवारहरू छनौट गर्दा दलित प्रतिनिधित्को मुद्दालाई गम्भीर रूपले उठाउन अति आवश्यक छ । राजनीतिक दलहरू नेपालमा वास्तवमा प्रजातन्त्रका खम्बा हुन र यसले दलहरू स्वयंमा प्रजातान्त्रिक हुन अत्यन्त ठूलो दायित्व राखेको छ ।

नेपालको एघारे वर्षे द्वन्द्वले दशौं लाख नेपालीको मानवअधिकारमाथि डरलाग्दो प्रभाव पर्‍यो । यस सन्दर्भमा आफूविरुद्ध भएको व्यापक भेदभावका कारण नेपालीहरूमा सबैभन्दा जोखिमीमध्ये पर्ने दलितहरूले आफूलाई द्वन्द्वको बीचमा परेको तथा दुवै पक्षद्वारा दुर्व्यवहार गरिएको पाए । तर, गतवर्षको जनआन्दोलनले दशौं लाख नेपालीमा नयाँ आशा ल्यायो, विशेषत तिनका लागि जसलाई भेदभाव गरिनुका साथै राज्यबाट बहिष्कृत गरिएको छ । भेदभावको अन्त्य गर्न तथा यसका परिणामहरूलाई सम्बोधन गर्न मङ्सिर ५ गतको विस्तृत शान्ति सम्झौतामा भएको प्रतिबद्धताले राज्यले यस सम्बन्धमा आफ्ना कानुनी दायित्वहरू पूरा गर्नेछ भन्ने आशा दिएको छ ।

नेपालका कानुनी दायित्वहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन दुवैबाट निसृत छन् । २०४७ को संविधानले सबै नागरिकको समानतालाई प्रत्याभूत गरेको छ; चाँडै लागू हुने अन्तरिम संविधानले यस्तै प्रावधान राखेको छ । २०४७ को नेपाल सन्धि

ऐनले राष्ट्रिय कानुनहरू बाझिएमा नेपालद्वारा अनुमोदित अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरू मान्य हुनेछन् भन्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि "जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि" हो ।

सन् २००४ मा यो महासन्धि कार्यान्वयनको अनुगमन गर्ने "जातीय भेदभाव उन्मूलनका लागि संयुक्त राष्ट्रसङ्घीय समिति"ले आफ्ना निष्कर्षका टिप्पणीहरूमा नेपाल सरकारलाई आग्रह गऱ्यो र म उद्धृत गर्दछु :

"आम सर्वसाधारण एवं सुविधाहीन समुदायका सदस्यहरूमा सार्वजनिक तथा राजनीतिक जीवनमा तिनको सक्रिय सहभागिताको महत्वबारे चेतना अभिवृद्धि गर्ने प्रयासहरूमा संलग्न हुनु । सुविधाहीन समूहका सदस्यहरूलाई चुनावमा भाग लिने, मतदान गर्ने तथा चुनावमा उठ्ने र सरकार, व्यवस्थापकीय निकायहरू र न्यायपालिकामा उचित प्रतिनिधित्व गर्न पाउने अधिकार सुनिश्चित गर्न राज्य पक्षले विशेष उपायहरू कार्यान्वयन गर्ने कार्य जारी राखोस् भन्ने [पनि यसले सिफारिस गऱ्यो] ।"

पदहरूको निर्वाचनमा राजनीतिक दलहरूको प्रमुख भूमिकालाई हेर्दा संविधान सभाका सम्बन्धमा उनीहरूले अगाडि ल्याउने उम्मेदवारहरूको छनौट गर्दा दलित प्रतिनिधित्वको मुद्दालाई गम्भीर रूपले लिन अति आवश्यक छ ।

आफ्नो समाजलाई शताब्दीयौंदेखि क्षति पुऱ्याउँदै आएको भेदभावलाई अन्त्य गर्न नेपाललाई एउटा ऐतिहासिक अवसर छ । अबको समय नेपालमा दलित, आदिवासी जनजाति, मधेसी, महिला तथा परम्परागत रूपमा बहिष्कृत समूहका अन्य धेरै व्यक्तिले न्यायोचित तरिकाले नेपाली समाजका सबै तहमा आफ्ना लागि समान ठाउँ उपभोग गर्न पाउने अधिकारको अपेक्षा समय हो । यो अवसरलाई गुमाउनु हुँदैन ।

यसबारे म दलित सक्रियतावादीहरूलाई दलित समुदायभित्रको भेदभावलाई सम्बोधन गर्न आफ्ना प्रयासहरूलाई दोब्बर गर्न आह्वान गर्न पनि चाहन्छु । महिला तथा बालिकाहरूले खेप्नुपरेको भेदभाव विशेषतः ग्रामीण समुदायमा एउटा प्रमुख समस्या हो । तसर्थ, दलित समुदायहरूले आफ्नै समुदायभित्र भेदभावका यी स्वरूपहरूको उन्मूलन गर्न सक्रिय भएर काम गर्नुपर्दछ ।

अन्त्यमा, भेदभाव तथा यसका परिणामहरूको अन्त्य गर्ने कार्य आगामी अवधिमा उच्चायुक्तको कार्यालय, नेपालको प्राथमिकताहरूमध्ये पर्दछ । यसका लागि व्यवस्थापिका र सरकार, राजनीतिक दलहरू, नागरिक समाज तथा देशभरिका समुदायहरूको संयुक्त प्रयास चाहिनेछ र उच्चायुक्तको कार्यालय, नेपालले यो लक्ष्य प्राप्तिका लागि सहयोग गर्न तपाईंहरूसँग मिलेर काम गर्नेछ ।

धन्यवाद ।